अन्धविश्वासलाई आधार बनाएर धर्म परिवर्तन गराउन खोजिएको छ, त्यसप्रति सरकारका विभिन्न निकायले यसबारेमा सोच्नुपर्ने बेला आएको छ।

## समाचार संक्षेप

### पूर्वराजाले मनाए जन्मदिन

बाँके, (नेस)

पूर्वराजा ज्ञानेन्द्र शाहले नेपालगन्जमा जन्मदिन मनाएका छन्।

स्थानीय सोल्टी होटल प्राङ्गणमा तीन घण्टा बसेर पूर्वराजाले सर्वसाधारणको आशिर्वाद लिएका छन्। बिहान दशदेखि सवा एक बजेसम्म देशभरिबाट आएका शुभचिन्तकहरूले पूर्वराजालाई बधाई तथा शुभकामना दिएका थिए। पूर्वराजालाई जन्मदिनको शुभकामना दिन जानेहरू थरिथरिका थिए। पूर्वराजालाई नागरिक अभिनन्दनपत्र चढाउने, स्वस्तिक वाचन, कविता भन्नेदेखि शीतल चिनीको बिरुवा दिनेसम्म काम भयो। जन्मोत्सवको अवसरमा गठन गरिएका विभिन्न समितिले पूर्वराजालाई नागरिक अभिनन्दनपत्र चढाउँदै राष्ट्रिय स्वधीनता रक्षा र समावेशी प्रजातन्त्रका लागि राजतन्त्र अनिवार्य रहेको बताएका थिए। नेपालगन्जमा गठन गरिएको जन्मोत्सव समारोहका अध्यक्ष दीपकबहादुर सिंह, काठमाडौंबाट आएका समितिका अध्यक्ष यज्ञप्रसाद आचार्यले चढाएको नागरिक अभिनन्दनपत्रमा राष्ट्रिय एकता, अखण्डताको रक्षा राजसंस्थाले मात्रै गर्न सक्ने भन्दै अहिले नेपाली जनता अभिभावकविहीन भएको उल्लेख गरेका छन्।

### आगो लगाई श्रीमतीको हत्या

कपिलवस्तु, (नेस)

कपिलवस्तुमा एक व्यक्तिले आफ्नै श्रीमतीलाई आगो लगाएर हत्या गरेका छन्। जिल्लाको बाणगंगा नगरपालिका ४, झुँगाका ३८ वर्षीय नरबहादुर मगरले आफ्नै श्रीमती ३१ वर्षे कुमारी मगरलाई आगो लगाई हत्या गरेका हुन्। शरीरमा आगो लागेर गम्भीर घाइते भएकी कुमारीलाई उपचारका लागि सामुदायिक अस्पताल ४ नम्बर पिपरा लगिएको थियो। अस्थायी प्रहरी पोस्ट जहदीका प्रहरी सहायक निरीक्षक ठाकुरप्रसाद अधिकारीको प्रहरी टोलीले घाइतेलाई उपचारका लागि अस्पताल पुऱ्याएको हो। तर त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि मिसन अस्पताल पाल्पा पठाइएको प्रहरी सहायक निरीक्षक अधिकारीले बताउनुभयो। घाइतेको मिसन अस्पतालमै उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

मृतकको शव पाल्पा मिसन अस्पतालमा राखिएको र आवश्यक अनुसन्धानपछि आफन्तलाई जिम्मा लगाइने प्रहरीले जनाएको छ। श्रीमतीलाई आगो लगाई हत्या गरेको अभियोगमा श्रीमान् नरबहादुर मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घरायसी झगडाका कारण नरबहादुरले श्रीमतीको शरीरमा आगो लगाएको हुनसक्ने प्रहरीको अनुमान छ। पक्राउ परेका मगरलाई इलाका प्रहरी कार्यालय पिपरामा राखी थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरी निरीक्षक चन्द्रबहादुर केसीले जानकारी दिनुभएको छ।

### हलियाको माग सम्बोधन गर्न आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले हलियाहरूको माग सम्बोधन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। प्रधानन्यायाधीश दीपकराज जोशी र न्यायाधीश आनन्दमोहन भट्टराईको संयुक्त इजलासले हलियाका माग तीन महिनाभित्र प्रारम्भ गरी तीन वर्षभित्र सम्पन्न गर्न विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो।

निर्देशनात्मक आदेशमा भनिएको छ- 'हलियाहरूको पहिचान, वर्गीकरण, परिचयपत्र वितरण गर्ने सन्दर्भमा हालसम्म भएका कार्य पूरा गर्ने, साथै पुन:स्थापनको निम्ति बसोवासको न्यूनतम् आवश्यकता पूरा गर्न भूकम्प प्रतिरोधी घर, खेतीका लागि उनीहरूलाई सुविधा पुग्ने ठाउँमा खोलो पहिरोको जोखिम नभएको र राम्रो उर्वराशक्ति भएको खेतीयोग्य जग्गा प्रदान गर्ने आदेश प्राप्त भएको तीन वर्षभित्र सम्पन्न गर्नू।'

सरकारले सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कन्चनपुर, डडेलधुरा, बैतडी, डोटी, अछाम, बझाङ; बाजुरा र दार्चुलासमेतका जिल्लामा हलियाहरूको बसोबास रहेको जनाएको छ। राष्ट्रिय मुक्त हलिया महासंघ, डडेलधुरा, राष्ट्रिय मुक्त हलिया महासंघ संस्था अछाम, राष्ट्रिय मुक्त हलिया महासंघ कैलालीलगायतका अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालयलगायतलाई विपक्षी बनाई रिट दर्ता गराउनुभएको थियो।

# ४ सय बालबालिका जोखिममा

सरिता चलाउने, सल्यान



सल्यानको दार्मा गाउँपालिकाभित्र करिब ४ सय बालबालिका जोखिममा रहेको एक तथ्यांकले देखाएको छ। जिल्लामा क्रियाशील एक संस्थाले संकलन गरेको तथ्यांकका आधारमा दार्मा गाउँपालिकाभित्र ३ सय ६४ बालबालिका जोखिममा रहेको पाइएको हो।

जोखिममा रहेका बालबालिकामध्ये अपांगता भएका ६५ जना, बुबाको मृत्यु भएका ९१, आमाको मृत्यु भएका २६, आमा बुबा दुवै गुमाएका २०, बुबा बेपत्ता भएका ४ जना, बुबा आमा दुवैले छोडेका ४९, बुबाले छोडेका ३, आमाले छोडेका १, कुपोषित २०, बेवास्तामा परेका ४ र अति गरिब परिवारका ८१ बालबालिका रहेको सेभ द चिल्ड्रेन र दलित विकास समाज सल्यानको साझेदारीमा सञ्चालित एकीकृत परियोजनाका कार्यक्रम संयोजक गुमानसिंह नेपालीले बताउनुभयो।

जोखिममा रहेका यस्ता बालबालिकालाई दार्मा गाउँपालिका, दलित विकास समाज, सेभ द चिल्ड्रेनको सहयोगमा ६ महिनामा १ सय ७२ जना बालबालिकालाई सहयोग पुऱ्याएको गाउँपालिकाले जनाएको छ। स्थानीय स्तरमा बालबालिकाको क्षेत्रमा काम गर्दै आएका संस्थाहरूको सहकार्यमा बालबालिकालाई सहयोग गरेको गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले बताउनुभयो। 'हामीले जोखिममा रहेका बालबालिका पहिचान गरी आवश्यक सहयोग गर्ने प्रयास गरेका छौं', उहाँले भन्नुभयो- 'जोखिममा रहेका बालबालिकालाई आवश्यकताअनुसार औषधि उपचार, खाद्यान्न, लत्ताकपडा र कानुनी उपचारका लागि सहयोग प्राप्त गरी उनीहरूलाई वितरण गरेका छौं।'

जोखिममा रहेका बालबालिकालाई जोगाउन र आपतकालीन अवस्थाका बालबालिकालाई सहयोग पुऱ्याउनका लागि गाउँपालिकाभित्रका ६ वटै वडा र गाउँपालिकास्तरीय आपतकालीन बालउद्धार कोषको स्थापना समेत गरिएको दार्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसुन्धरा पुनले बताउनुभयो। गाउँपालिकाले बालसंरक्षण नीति र बालविवाह न्यूनीकरण रणनीति योजना २०७४ गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको र बाल सहभागिता कार्यविधि, बालक्लब गठन र सहजीकरण निर्देशिका र आपतकालीन बालउद्धार कोष सञ्चालन कार्यविधिको मस्यौदा तयार गरी छलफलको क्रममा रहेको दार्मा गाउँपालिका उपाध्यक्ष तथा मस्यौदा समितिका संयोजक टिका शर्मा वलीले बताउनुभयो।

## खुलेआम धर्म प्रचार

# स्थानीय प्रशासन मौन

हिक्मत नेपाली, दैलेख

दैलेखमा खुलेआम धर्म परिवर्तन गराउने गिरोह सक्रिय बनेको छ। क्रिश्चियन धर्मका प्रचारकहरू धर्म परिवर्तन गराउन प्रचार सामग्रीसहित घरघर पुगिरहेको स्थानीय नागरिकले बताएका छन्। उनीहरूले अन्य धर्म मान्नेलाई विभिन्न किसिमका प्रलोभन देखाएर क्रिश्चियन धर्मावलम्बी बन्न प्रेरित गरिरहेको स्थानीय बासिन्दाको भनाइ छ।

धर्म प्रचारकहरू घरघरमा प्रचार सामग्रीसहित आएर धर्म परिवर्तनका लागि आग्रह गर्ने गरेको नारायण नगरपालिका-२ का बखतबहादुर नेपालीले बताए। 'विपन्न समुदायमा रहेको कमजोरीको फाइदा उठाउँदै उनीहरूले धर्म परिवर्तन गर्न खाजेका छन्', उनले भने- 'त्यसले भविष्यमा ठूलै समस्या सिर्जना गर्न सक्छ।' यसरी धर्मको प्रचारप्रसार र परिवर्तन गर्ने गिरोहका कारण समाजमा साम्प्रदायिकता भड्किन सक्ने र सामाजिक सद्भाव खलबलिन सक्ने खतरा बढेको उनको बुझाइ छ। धर्म प्रचारकहरूले मनावैज्ञानिक शैलीमा स्थानीयबासीलाई धर्म परिवर्तन गराउन खोजेको नारायण नगरपालिका-१ का मनोज थापाले बताए।

उनले भने 'अन्धविश्वासलाई आधार बनाएर धर्म परिवर्तन गराउन खोजिएको छ, त्यसप्रति सरकारका विभिन्न निकायले यसबारेमा सोच्नुपर्ने बेला आएको छ', उनले अगाडि भने- 'त्यसबारे नबुझ्ने बेलासम्म राम्रै मानेको हुन सक्छ, भविष्यमा यसले नकारात्मक असर पर्न सक्ने खतरा देखिन्छ। कि त सरकारले यस्तो गतिविधि रोक्नुपर्छ होइन भने हिन्दूवादी अतिवादी भएर निस्किनुपर्छ, यसको विकल्प छैन।'

क्रिश्चियन धर्मका प्रचारकले दैलेखका आर्थिक अवस्था कमजोर रहेका वर्गलाई निशाना बनाएका छन्। यहाँका दलितलगायत विपन्न बस्तीमा पुगेर क्रिश्चियन बने विभिन्न रोग निको हुनेलगायतका आश्वासन बाँडेर धर्म परिवर्तन गराउने कार्य भइरहेको छ। यसरी धर्म परिवर्तन गराउँदै हिड्नेलाई निगरानी गर्न स्थानीय बासिन्दाले स्थानीय प्रशासनसँग माग गरेका छन्। धर्म प्रचारकहरू खुलेआम धर्म परिवर्तन गराउन हिँडिरहे पनि स्थानीय प्रशासनले कसैलाई रोकतोक नगरेको भन्दै स्थानीयले गुनासो समेत गर्दै आएका छन्।

विशेष गरी दलित, जनजाती र विपन्न वर्गलाई निशाना बनाएको नारायण नगरपालिका-७ का नमराज थापाको बुझाई छ। उनले भने- 'आफू यसको कडा विरोधी भएको भन्दै आफूले प्रचारप्रसार भइरहेको देखें भने कडारुपमा प्रस्तुत हुने गरेको छु।' उनले विदेशीहरू आफ्नो देशमा काम नपाएर ठगी खाने मेसो गर्न नेपाल आएको उनले आरोप लगाए। यसबारे दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले धर्म प्रचार भइरहेको भन्ने विषयमा विभिन्न कोणबाट आवाज उठिरहेको बताउँदै यसको निगरानी गर्ने बताए। यस्तै प्रहरी प्रमुख सरोज पौडेलले शंकास्पद व्यक्तिलाई निगरानी गरिरहेको बताउँदै कुनै व्यक्तिले आफूलाई धर्म परिवर्तन गराउन खोजेको भनी प्रहरीलाई खबर गरेमा धर्म परिवर्तन गराउन खोज्नेलाई कारबाहीको दायरामा ल्याउने बताए।

नेपालको संविधान भाग ३ मौलिक हक र कर्तव्यको दफा २६ उपदफा ३ मा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ भनिएको छ।

धर्म परिवर्तनमा संलग्न भएको पाइएमा ५ वर्षको कारावास सजाय र ५० हजार रुपियाँसम्मको जरिवाना गरिने व्यवस्था कानुनले गरेको छ। विदेशीहरू धर्मपरिवर्तनमा संलग्न भएको पाइएमा कारावास सजाय भोगेको ७ दिनभित्र देशनिकाला गरिने कानुनमा उल्लेख छ। नेपालको संविधान धारा २६ ले पनि धर्म परिवर्तनलाई निषेध गरेको छ।

## अस्पतालको लापरबाहीले सुत्केरी र बच्चाको मृत्यु

विराटनगर, (नेस)

विराटनगरको नोबेल अस्पतालमा सुत्केरी गराउन आएकी सुनसरी गढी गाँउपालिकाकी २८ बर्षीया चाँदनी मेहेताको अस्पतालको लापरबाहीका कारण मृत्यु भएको आफन्तले आरोप लगाएका छन्। सुनसरीको गढी गाउँपालिकाकी चाँदनी मेहेता सुत्केरी गराउन १८ गते अस्पताल आएकी थिइन्। उनी हिँडेर अस्पताल आएको र अस्पतालले स्वास्थ्यमा कुनै समस्या नभएकाले आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था राम्रो रहेको बताएका थिए।

शुक्रबार ११ बजे होटेलमा गएर खाना खाई अस्पतालमा आएकी उनको स्वास्थ्य अचानक बिग्रेको भन्दै शल्यक्रिया गरिएको तर शिशुको शुक्रबार मृत्यु भएको र आमाको शुक्रबार राति ३ बजे मृत्यु भएपछि आफन्तले अस्पतालको लापरबाहीका कारण यस्तो भएको बताएका छन्। समय पुगेर अस्पतालमा सुत्केरी गराउन आएको र यसभन्दा अगाडि नै अप्रेसन गरिदिन आफन्तले भन्दा पनि बेवास्ता गरेको उनीहरूले बताएका छन्। स्वास्थ्यमा समस्या देखिँदा पनि कोही डाक्टर र नर्स बिरामीको कक्षमा नभएकाले बोलाउँदा पनि नआएको उनीहरूले बताएका छन्। उनीहरूले अस्पतालको हेलचेक्राइका कारण नै मालतीको मृत्यु भएको बताएका छन्। यता अस्पतालका डाक्टर रामहरि घिमिरेले अस्पतालको कुनै लापरबाही नभएको बताउनुभएको छ। उहाँले बिरामीको स्वास्थ्यमा अचानक समस्या आएकाले औषधि गर्दागर्दै ज्यान गएको दाबी गर्नुभएको छ। लापरवाहीका कारण मृत्यु भएको भन्दै आफन्तले नोबेल अस्पताको मूल ढोकामा तोडफोड गरेका छन् भने प्रहरी र मृतका आफन्तबीच घम्साघम्सी भएको थियो।

## 'विकृत मानसिकताले सभ्य समाज निर्माण हुँदैन'

राजविराज, (नेस)

उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले विकृत मानसिकता बोकेर आधुनिक र सभ्य समाज निर्माण हुन नसक्ने बताउँदै मानसिकता परिवर्तन नगरे सप्तरीको पनि विकास नहुने बताएका छन्। सप्तरी उद्योग वाणिज्य संघले शनिबार राजविराजमा आयोजना गरेको छलफल कार्यक्रममा स्वास्थ्य, शिक्षा, सडक, बिजुली, पानी, पुल, बाँधलगायत हरेक क्षेत्रमा सप्तरी पछि परेकाले द्रुत गतिमा विकास निर्माणका काम अघि बढाउन व्यापारी/व्यवसायीले माग गरेपछि यादवले यस्तो बताएका हुन्। गुणस्तरीय शिक्षा र स्वास्थ्य, महिला सशक्तीकरण तथा लागूऔषध र मदिराबाट समाजलाई मुक्त गराउँदै पुरातनवादी मानसिकताबाट बाहिर निस्कन सकेमात्र समाजको विकास हुने भन्दै उनले थपे- 'स्वस्थ शरीर अनि तगडा दिमाग भए भौतिक विकासको चिन्तै गर्नुपर्दैन, आफसेआफ तयार हुन्छ।'

सप्तरीमा जातीय विद्वेष चरम उत्कर्षमा रहेको बताएका मन्त्री यादवले यस्ता विकृतिको अन्त्य नभएसम्म विकासको गति अघि बढ्न नसक्ने दाबी गरे। विकास र समृद्धिका काममा महिला सहभागिता अनिवार्य सर्त भएको पनि उनले बताए। 'जहाँ महिलालाई अर्धबन्दी बनाएर राखिन्छ त्यहाँ विकासको गति कसरी अघि बढ्छ?', उनले भने- 'समृद्धिको यात्रामा जबसम्म महिलालाई सँगै अघि बढाईंदैन तबसम्म कुनै पनि काम पूर्ण हुँदैन।'

### संसद्‌का...

कर्मचारीको साझा संस्था संघीय संसद् सचिवालय कर्मचारी युनियनका सल्लाहकार होमनाथ पहाडीले आफूहरूले पाउँदै आएको सेवा सुविधा कटौती गरेकामा गुनासो गर्नुभयो।

'गत माघ ७ गतेसम्म हामीले तलबबाहेक थप ८० प्रतिशत सुविधा पनि पाउँथ्यौं तर अहिले कटौती गरिएको छ अब आन्दोलन गर्छौं', पहाडीले भन्नुभयो- 'बिहान समिति चलाउनुपर्छ, दिउँसो संसद्को बैठक चलाउनुपर्छ, कामको बोझ बढी भएकाले थप सेवा सुविधा पाउनुपर्छ भनेर स्वाभाविक माग राखेका हौं तर सुनुवाइ भएको छैन।' पहाडीले सचिवालयका कर्मचारीले कार्यालय समयभन्दा २ घन्टा अघिदेखि २ घन्टा पछिसम्म काम गर्दै आएको बताउनुभयो।

राष्ट्रपतिले मासिक १ लाख ५० हजार ४ सय ५०, उपराष्ट्रपतिले १ लाख ८ हजार ३० रुपियाँ पाउनेछन्। प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्षले मासिक पारिश्रमिक ६७ हजार ३ सय २० रुपियाँ, प्रतिनिधिसभाका विपक्षी दलका नेता, राष्ट्रियसभामा विपक्षी दलका नेता, सत्ता पक्षका नेता, मुख्य सचेतक, प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्ष, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापतिले ६० हजार ९ सय ७० रुपियाँ पाउनेछन्। दलको प्रमुख सचेतक, सत्ता प्रमुख सचेतक र विपक्षी दलको सचेतकले मासिक ५७ हजार ७ सय ८० रुपियाँ पाउँछन्।

सांसदको मासिक पारिश्रमिक ५५ हजार २ सय ३० रुपियाँ छ। सचिवको ५१ हजार ४ सय २०, सहसचिवको ४० हजार १ सय ५०, उपसचिवको ३४ हजार २ सय २० र शाखा अधिकृतको ३० हजार ५ सय रुपियाँ तलबमान रहेको छ। हलुका सवारी चालकको मासिक तलब २५ हजार ६ सय, सुब्बाको २३ हजार ५ सय, खरिदारको २२ हजार १ सय ७० र कार्यालय सहायकको १९ हजार ८ सय ७० रुपियाँ रहेको छ।

सरकारले बजेटमार्फत कर्मचारीको तलब बढेपछि २०७३ असार ३१ गते बसेको मन्त्रिपरिषद्को निर्णयलाई पनि अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले यससम्बन्धी महालेखा नियन्त्रणको कार्यालयलाई जानकारी गराएको थियो। सांसदको मासिक पारिश्रमिक ५५ हजार २ सय ३०, राष्ट्रिय योजना आयोगको उपाध्यक्षको ६० हजार ९ सय ७०, राष्ट्रिय सूचना आयोगका प्रमुखको ६० हजार ९ सय ७०, राष्ट्रिय योजना आयोगका सदस्यको ५६ हजार ४ सय ९० रुपियाँ, राष्ट्रिय सूचना आयुक्तको ५७ हजार ७ सय ८० रुपिँया पुगेको छ।

यस्तै सर्वोच्च अदालतको प्रधानन्यायाधीशको ७३ हजार ६ सय ८०, न्यायाधीशको ६० हजार ९ सय ७० रुपियाँ छ। पुनरावेदन अदालतका मुख्य न्यायाधीशको ५७ हजार ७ सय ८०, न्यायाधीशको ५४ हजार ५ सय ९०, जिल्ला न्यायाधीशको ४६ हजार १ सय २०, महान्यायाधिवक्ताको र न्याय परिषद्का सदस्यको ६० हजार ९ सय ७० रुपिँया मासिक तलब रहेको छ।

### गाँस...

दाङ राप्ती गाउँपालिका वडा नम्बर ९ निवासी हाल काँस्कीमा बस्दै आएका श्रीमान श्रीमती ५० वर्षीय गुरुदत्त थापा र ४३ वर्षीया शान्ती थापाको शव आफन्तले काँस्कीमै बुझेको राप्ती गाउँपालिकाका अध्यक्ष नुमानन्द सुवेदीले बताउनुभयो। रोल्पा थवाङ-५ की जीतकुमारी पुन, सोही वडाका जितमाया घर्ती र थवाङ १ का मौसम घर्तीको शव काँस्की नै राखिएको छ। रोल्पा थवाङ गाउँपालिका वडा नम्बर १ का २८ वर्षीय सुकमान रोका, सोही गाउँपालिका वडा नम्बर ५ का १९ वर्षीय महेश रोका, सुनछहरी गाउँपालिका वडा नम्बर १ का ३२ वर्षीय रामकुमार पुन, सोही ठाउँका ३२ वर्षकै सोन्तु घर्ती, थवाङ गाउँपालिका वडा नम्बर ५ का सिर्जना मगर र सोही ठाउँकी २३ वर्षीय राष्ट्रे रोकाको शव लिवाङ झारिएको छ। उनीहरूको पोस्टमार्टमपछि आइतबार फुलिवन लगेर आफन्तलाई जिम्मा लगाइनेछ।

# सदरमुकाम खलंगा जोड्ने सडकको अवस्था दयनीय

विनोदसिंह विष्ट, बैतडी




बैतडीको सदरमुकाम खलंगा जोड्ने सडकको अवस्था दयनीय बन्दै गएको छ। जिल्लाको मुख्य व्यापारिक केन्द्र गोठलापानी बजारदेखि जिल्लाको मुख्य सदरमुकाम गढी खलंगा जोड्ने सडकमा वर्षेनी बजेट छुट्याइने भए पनि सडकको अवस्था भने दयनीय भएको छ। अधिकांश सरकारी कार्यालय रहेको जिल्ला सदरमुकाम गढी खलंगा जोड्ने १ किलोमिटर सडकमा मात्रै वर्षेनी नगरपालिका, तत्कालीन जिल्ला विकास समिति र भवन डिभिजन कार्यालयले बजेट विनियोजन गरेको भए पनि उक्त सडकको व्यवस्थित तरिकाले मर्मत सम्भार नहुँदा सर्वसाधारण र सवारीचालक जाखिमपूर्ण यात्रा गर्न बाध्य छन्।

छेउदेखि टुप्पोसम्म खाल्टाखुल्टी मात्रै रहेको उक्त सडकमा बढीजसो जिल्लाका महत्त्वपूर्ण कार्यालयका हाकिम र कर्मचारीले यात्रा गर्दछन्। तर सडक भने व्यवस्थित तरिकाले कहिले पनि मर्मत सम्भार हुने सकेन। गएको आर्थिक वर्षमा मात्रै शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यलयले सडकको मर्मतका लागि १० लाख बजेट विनियोजन गरी काम गरेको शहरी विकास तथा भवन डिभिजन कार्यालय बैतडीका प्रमुख प्रवीण शाहले बताउनुभयो। भवन डिभिजन कार्यालयले उपभोक्ता समितिमार्फत सडकको मर्मत गरेको बताए पनि सडकमा खाल्डाखुल्डीको अवस्था भने उस्तै रहेको छ।

विसं २०६८ सालमा जिल्ला विकास समितिको ५० लाख लागतमा कालोपत्रे गरिएको उक्त सडकमा सहरी विकास तथा भवन डिभिजन कार्यालय र दशरथचन्द नगरपालिकाले पनि मर्मतको नाममा लाखौं रुपियाँ खर्च गरिसकेको छ तर सडक व्यवस्थित तरिकाले मर्मत नहुँदा आफूलाई यात्रा गर्न निकै समस्या हुने गरेको विभिन्न कामका लागि सदरमुकाम पुग्नेहरूले गुनासो गर्ने गरेका छन्।

सडकमा भएको खाल्डाखुल्डीकै कारण उक्त सडकमा गएको वर्ष दशरथचन्द नगरपालिकाको ट्याक्टर दुर्घटनामा परेको थियो भने यो वर्ष पनि सडकमा भएको खाल्डोबाट उछिट्टिएर केही दिनअघि एउटा जिप दुर्घटना भएको थियो। सडकलाई स्तरोन्नति गर्नका लागि चालू आर्थिक वर्षमा पनि ८ करोडको ठेक्का आह्वान गरिएको शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बैतडीले जनाएको छ। नाली व्यवस्थापन, ढल निकास व्यवस्थापन नहुँदा वर्षात्को समयमा झनै समस्या हुने गरेको छ। वर्षात्को समयमा नाली परिएर सबै पानी सडक भएर बग्दछ। यसले गर्दा पैदल हिँड्न तथा सवारीसाधन समेत आवागमनमा समस्या हुने गरेको छ।

## ३ सकेट बम फेला

गुल्मी, (नेस)

गुल्मीको मालिका गाउँपालिकामा बिस्पोटक पदार्थ फेला परेको छ। जिल्लाको मालिका गाउँपालिका वडा नम्बर ४ अर्खाबाङ भिरकुनास्थित पुरानो तत्कालीन माओवादीले लगाउने कम्ब्याडमा बेरेर राखेको अवस्थामा ३ वटा सकेट बम फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुरागकुमार द्विबेदीले जानकारी दिए।

स्थानीय बामदेव अर्यालको खरबारीमा शनिबार खानेपानीको पाइप खन्ने क्रममा फेला पारेको प्रहरीले जनाएको छ। स्थानीयले बमजस्तो फेला पारेसँगै प्रहरीलाई खबर गरेका थिए। प्रहरीले घटनास्थल वरिपरि हेर्नेक्रममा सोही ठाउँको १० मिटर नजिकै ओडारमा बड गृप टुट्टिएको अवस्थामा पुरानो खालको हर्नेट नामक बन्दुकसमेत फेला परेको प्रहरी उपरीक्षक द्विबेदीले जानकारी दिए। बम द्वन्द्वकामा तत्कालीन माओवादीले राखेको हुनसक्ने प्रहरीले अनुमान गरेको छ।

बम डिस्पोजल गर्नको लागि वीरभद्रजंग गुल्मबाट डिस्पोजल टोली घटनास्थलतर्फ लाग्ने तयारीमा रहेको वीरभद्रजंग गुल्मका गुल्मपति सेनानी जनमत कार्कीले जानकारी दिए।